नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून)
साकोसका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी २०७२
चैत्र १८ र १९ गते, काठमाडौ

# घोषणा पत्र

*वित्तीय समावेशीकरणको लागि साकोसमा सञ्जाल व्यवस्थापन*

नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा पहिलो पटक आयोजित साकोसका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी २०७२ का हामी सबै सहभागीहरु गोष्ठीका विषयहरुमा भएको गहन छलफलबाट नेफ्स्कूनले प्रतिपादन गरेका नविनतम प्रविधिहरु तथा साकोस समाधानका औजारहरु मार्फत साकोसहरुमा स्वनीयमन र सुदृढ व्यवस्थापन अङ्गिकार गर्दै गराउँदै आएमा अभियानलाई सशक्त, एकिकृत र गुणात्मक बनाउनमा महत्वपूर्ण योगदान पुग्नेमा हामी विश्वस्त छौं । वचत तथा ऋण सहकारीको मूल उद्देश्य अनुरुप आफ्ना सदस्यहरुलाई वचत परिचालन मार्फत वित्तीय गन्तव्यमा पुऱ्याउन तथा जीवन स्तर उकास्न सक्षम बनाउन सकिन्छ ।

वचत तथा ऋण सहकारीहरुले नेपालमा सहकारी अभियानलाई जागरण, प्रवर्द्धन, सशक्तिकरण, सम्वर्द्धन र सुदृढीकरणको लागि एकरुपता प्रणालीको आधारमा साकोसको सञ्चालन, व्यवस्थापन र विकास गर्न नेतृत्व र व्यवस्थापन आपसमा मिलेर अघि बढ्न, बढाऊन दृढ प्रतिवद्ध छौं ।

त्यसैले, हामी नेपालको वचत तथा ऋण सहकारीका ब्यवस्थापकीय प्रमुखहरु सहकारी अभियानले गरीवी न्यूनीकरण, सामाजिक एकता एवम् सद्भाव र स्वरोजगारी सिर्जना गरी समृद्ध, स्वावलम्वी र आत्मनिर्भर मुलुक निर्माणका लागि उच्च संकल्प र प्रतिवद्धतासहित देहायका १० सूत्रीय साझा घोषणापत्र जारी गर्दछौं ।

१. वित्तीय व्यवस्थापन, वस्तु तथा सेवाको विविधीकरण, रणनीति एवम् व्यावसायिक योजना, मानव संशाधन व्यवस्थापन लगायतका आधारभूत नीति तथा कार्यविधि मार्फत सुशासनयुक्त साकोस व्यवस्थापन गर्दै समुदायमा उत्कृष्ट सेवा प्रदायक वित्तीय संस्थाको रुपमा साकोस सञ्चालन गर्न प्रतिवद्ध छौं ।

२. साकोसमा रणनीतिक योजनाको अभ्यास, गुणस्तर प्रवर्द्धन र स्तरीकरणका लागि जोखिममा आधारित सुपरिवेक्षण, प्रोवेसन (राष्ट्रिय मापदण्ड) र एक्सेस (अन्तराष्ट्रिय मापदण्ड) ब्राण्डिङ्ग कार्यक्रमलाई चरणबद्ध रुपमा अगाडि बढाउनेछौं ।

३. साकोसहरुमा उच्च प्रविधिको प्रयोग गरी मासिक रुपमा पर्ल्स (PEARLS) अनुगमन प्रणाली अभ्यासको लागि संयन्त्र निर्माण गरी जोखिमको पहिचान र तत्काल न्यूनिकरणका उपायहरु अवलम्बन गर्दै वित्तीय पारदर्शिता कायम  गर्न प्रतिवद्ध छौं ।

४. समुदायमा पिछडिएका, गरिव, विपन्न र वित्तीय पहुँच नपुगेका वर्गहरु लगायत विशेषगरी यूवा तथा महिलाहरुलाई वित्तीय समावेशीकरण मार्फत सबैका लागि सहकारी भन्ने भावनालाई कार्यान्वयन गर्न प्रतिवद्ध छौं ।

५. अन्तर्राष्ट्रिय सहकारी महासंघले परिकल्पना गरेको सहकारी दशक रणनीति २०२० र विश्वले अङ्गिकार गरेको दीगो विकास लक्ष्य (SDGs) ले निर्धारण गरेका सामुदायिक विकासका नयाँ आयामहरुमा साकोस मार्फत योगदान पुऱ्याउन प्रतिवद्ध छौं ।

६. वचत तथा ऋण सहकारी अभियानलाई समुदायमा आधारित एवम् सदस्यकेन्द्रित, अनुशासित एवम् मर्यादित वित्तीय सामाजिक संस्थाको रुपमा प्रत्याभूतिका लागि नेफ्स्कूनले अगुवाई गरेको साकोस एकरुपता

प्रणालीमा समाहित भई दृश्यमा र व्यवहारमा एकरुपता कायम गर्न प्रतिवद्ध छौं ।

७. आ-आफ्नो भौगोलिक क्षेत्रमा एकिकरणको प्रवर्द्धन मार्फत् साकोसका सदस्यहरुलाई गुणस्तरीय र प्रभावकारी सेवाहरुको सुनिश्चितता गरी स्वस्थ, सुरक्षित र सक्षम साकोसको निर्माण गर्न प्रतिवद्ध छौं ।

८. वचत तथा ऋण सहकारी संस्थाहरुलाई प्रभावकारी व्यवस्थापन गरी दीगो, सक्षम र मर्यादित बनाउन नविनतम प्रविधिको प्रयोग र असल अभ्यासको अवलम्बन गर्न सम्बद्ध निकायहरुसँग सापेक्षित समन्वयलाई जोड दिन प्रतिवद्ध छौं ।

९. साकोस अभियानलाई संस्थागत सुरक्षा प्रदान गर्न नेफ्स्कूनले ल्याएको स्थिरीकरण कोषमा सहभागी हुन प्रतिवद्ध छौं ।

१० साकोस सञ्चालनलाई पूर्ण व्यवसायिक बनाउन नेफ्स्कूनले ल्याएको एकिकृत साकोस समाधानहरु (SACCOS Solutions) लाई संस्थामा लागू गर्न हामी प्रतिवद्धछौं ।

नेफ्स्कूनद्वारा आयोजित व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठीका सम्पूर्ण सहभागीहरु माथि उल्लेखित बूँदाहरुलाई सामुहिक प्रतिबद्धताका रुपमा मनन् गर्दै यो घोषणा पत्र जारी गर्दछौं ।

*२०७२ चैत्र १९ गते, होटल सोल्टी क्राउन प्लाजा, काठमाडौं, नेपाल*